फोन : ५९७१३०७, ५९७१३०१
वेवसाईट : https://ppmo.gov.np/
ईमेल : it@ppmo.gov.np

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# सार्वजनिक खरिद अनुगमन कार्यालय
(सूचना प्रविधि शाखा)

प.सं : सू.प्र.-०८२/८३
च.नं. MIT/३१

केसलमहल, काठमाडौं, नेपाल
मिति: २०८२।०५।२३

विषयः- विद्युतीय खरिद प्रणालीको प्राविधिक सहायता सम्बन्धमा ।

प्रस्तुत विषयमा विद्युतीय खरिद प्रणाली (e-GP System) को Operation, Enhancement and Maintenance सम्बन्धी कार्य गर्न मिति २०७९।११।०४(तदनुसार २०२३ फेब्रवरी १६)मा यस कार्यालय र परामर्शदाता (InfoDevelopers Pvt. Ltd. / Vupadhi Techno Services/ Everest Telecom and IT Services JV) बीच सम्झौता भई कार्य भैरहेकोमा मिति २०८२/०५/०८ गते देखि Operation, Enhancement and Maintenance सम्बन्धी कार्य गरिरहेको परामर्शदाताबाट नियमित Operation तथा Support को कार्य ठप्प भएको। यस कार्यालयबाट पटक पटक सम्झौता बमोजिम Key Expert हरु Field मा Mobilize गरी कार्य गर्नु भनि यस कार्यालयबाट पत्राचार गरिएकोमा सो पत्र समेतको बेवास्ता गरी विभिन्न सार्वजनिक निकाय र बोलपत्रदाताहरुको समस्याहरु समाधान नगरेको हुँदा मिति २०८२/०५/२२ गतेको सचिवस्तरीय निर्णय बमोजिम तत्काल ठेक्का रोक्का गरी ३० दिनको Notice of Contract Suspension को पत्र जारी गर्ने तथा विद्युतीय खरिद प्रणालीको सम्पूर्ण Credentials हरु सूचना प्रविधि शाखामा कार्यरत प्राविधिकहरुलाई हस्तान्तरण गर्ने भनी निर्णय भए बमोजिम विद्युतीय खरिद प्रणालीको सम्पूर्ण Credentials हरु हस्तान्तरण नभए सम्मका लागि विद्युतीय खरिद प्रणालीका लागि दिइदै आइरहेको प्राविधिक सहायता अवरुद्ध रहने भएको हुँदा यसबाट पर्न गएको असुविधा प्रति यस कार्यालय क्षमाप्रार्थी छ ।

Subedi
(२०८२।०५।२३)
(ई. बिशिखा सुबेदी)
कम्प्युटर ईन्जिनियर